मानव बेचबिखन तथा ओसार पसारका
मुद्दामा क्षतिपूर्तिसम्बन्धी

# नीति वकालत पत्र

**DISCLAIMER:**

Forum for Women, Law and Development (FWLD) acknowledges the technical and financial support provided by the United States Agency for International Development's Combating Trafficking in Persons program, implemented by The Asia Foundation, in the publication of this document.

## मानव बेचबिखन तथा ओसार पसारका मुद्दामा क्षतिपूर्ति सम्बन्धी

# नीति वकालत पत्र

मानव बेचबिखन तथा ओसारपसारको अपराधबाट पीडित हुने पक्षलाई तत्कालीन तथा दीर्घकालिन रूपमा सुरक्षा, संरक्षण तथा क्षतिपूर्ति दिनुपर्ने हुन्छ । साथै अपराधको वारदातका साक्षीलाई पनि तत्कालीन वा दीर्घकालिन रूपमा सुरक्षा, संरक्षण दिनुपर्ने हुनसक्छ । मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा १७ मा गरिएको व्यवस्थाअनुसार अदालतले कसूरदारलाई भएको जरिवानाको पचास प्रतिशत बराबरको रकममा नघट्ने गरी निजबाट पीडितलाई मनासिब माफिकको क्षतिपूर्ति भराइदिनु पर्ने हुन्छ । साथै, ऐ. ऐनमा गरिएको व्यवस्थाअनुसार पीडितलाई शारीरिक वा मानसिक उपचार गराउन, सामाजिक रूपमा पुनर्स्थापना गर्न र पारिवारिक पुनर्मिलन गराउनको लागि नेपाल सरकारले आवश्यकता अनुसार पुनर्स्थापना केन्द्र स्थापना गर्ने र सोको लागि एक पुनर्स्थापना कोष स्थापना गर्ने व्यवस्था छ ।

तर उक्त कानूनी व्यवस्थाबाट मात्र सो अपराधबाट पीडित भएका व्यक्ति तथा साक्षीको संरक्षण तथा सुरक्षा गर्न र पीडितलाई पर्याप्त क्षतिपूर्ति दिन सकिएको छैन । क्षतिपूर्ति दिंदा कसूरदारलाई भएको जरिवानाको पचास प्रतिशत बराबरको रकममा नघट्ने गरी दिने व्यवस्थाले क्षतिपूर्ति भराईदिने कार्यलाई कठीन बनाई दिएको छ । यसले एकातिर क्षतिपूर्तिलाई मुद्दा ठहर हुने वा नहुने कुरासँग जोडेको छ भने अर्कोतिर पीडितलाई तत्कालै दिनुपर्ने अन्तरिम राहतको आवश्यकतालाई समेट्न सकेको छैन ।

अपराधका पीडित पक्ष र साक्षीलाई दिनुपर्ने सुरक्षा, संरक्षण तथा क्षतिपूर्तिलाई अपराध ठहर भएको वा नभएको कुरासँग जोड्न मिल्दैन किनकि अपराध ठहर हुने वा नहुने कुरा अपराध भएको समयभन्दा लामो समय बितेपछि निर्णय हुने कुरा हो, जुन न्यायिक प्रक्रियाको प्राविधिक पक्षसँग पनि जोडिएको हुन्छ । अपराधको

वारदात भई मुद्दा नै नचलेको अवस्थामा पनि सुरक्षा, संरक्षण तथा क्षतिपूर्ति दिनुपर्ने हुनसक्छ ।

अदालतबाट भएका फैसलामा उक्त ऐनअनुसार नै क्षतिपूर्तिको लागि आदेश भएको पाइन्छ । तर आदेशपछि पनि क्षतिपूर्ति प्राप्त गर्नमा धेरै समस्याहरु रहेका छन् । कतिपय पीडितलाई यस व्यवस्थाको बारेमा जानकारी नै छैन भने कतिपयलाई अदालतका त्यस्ता आदेशहरुकै बारेमा पनि जानकारी छैन । यस्तो अवस्थाले अदालतका आदेशहरुको जानकारी पीडित पक्षसम्म पुऱ्याउने संयन्त्रको अभाव रहेको विडम्वनापूर्ण अवस्थालाई दर्शाउँछ । कतिपय अवस्थामा पीडकसँग जरिवाना तिर्ने सम्पत्ति पनि नभएको यथार्थता हामी सामु रहेको छ । यस्तो अवस्थामा नेपाल सरकार विरूद्ध सीताराम थिङ्को मुद्दामा मकवानपुर जिल्ला अदालतले पीडितलाई पुनर्स्थापना कोषबाट अन्तरिम राहत दिने निर्णय गरेको थियो ।

त्यस्तै महिला, कानून र विकास मञ्चद्वारा दायर गरिएको अर्को मुद्दा (महिला, कानून र विकास मञ्च विरूद्ध नेपाल सरकार, नेकाप २०७० अंक ३, पृ. ३२६) मा सर्वोच्च अदालतले मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा १७ बमोजिम अदालतको फैसलाबाट पीडितलाई क्षतिपूर्ति भराई दिने ठहर भएको रकमको लागि अविलम्व छुट्टै क्षतिपूर्ति कोष खडा गरी सो कोषको लागि आवश्यक रकम समेत आ. व. २०७०/०७१ को बजेटमा अनिवार्य रूपमा विनियोजन गर्नका साथै सम्बन्धित प्रहरी कार्यालयले समेत सक्रिय पहल गरी पीडितलाई सो क्षतिपूर्ति रकम भराई दिने व्यवस्था गराउन आदेश दिएको छ ।

उपर्युक्त पृष्ठभूमिमा पीडितलाई राहत तथा क्षतिपूर्ति दिलाउन देहायका व्यवस्था गर्न आवश्यक भएको छ :

## १. अपराधको सूचनामा स्पष्टता

अपराधको घटना (वारदात) भएको कुराको सूचना नै औपचारिक रुपमा कुनै पनि मुद्दा शुरु हुने पहिलो चरण हो । यस्तो सूचना प्राप्त नभएको अवस्थामा कुन व्यक्ति के कस्तो प्रकारले मानव बेचबिखन तथा ओसारपसारको कसूरमा संलग्न रहेको हो वा सो को पीडित हो वा होइन भन्ने कुरा स्थापित हुन नसक्ने भएकोले कसूर भएको कुराको सूचना औपचारिक रुपमा दिने वा प्राप्त गर्ने प्रक्रियालाई सरल र सहज तुल्याउन अति नै जरुरी छ । अवस्थाअनुसार यस्तो सूचना पीडित स्वयं वा निजको नजिकको व्यक्ति वा अनुसन्धान गर्ने निकाय स्वयंले पनि संकलन गर्न सक्ने कानूनी व्यवस्था रहेको बारेमा व्यापक रुपमा जनचेतना अभिवृद्धि गर्नुपर्छ । अर्कोतर्फ मानव बेचबिखनको कसूर नभएको अवस्थामा पनि कसूर भएको भनी सो

ऐनको दुरूपयोग गर्ने कार्य पनि बेला बखत हुँदै आएको सन्दर्भमा त्यसतर्फ पनि सबै चनाखो बन्नुपर्ने भएको छ । यसका लागि सरकारीस्तरमा प्रत्येक जिल्ला प्रहरी कार्यालयको संयोजनमा जिल्ला सरकारी वकिल कार्यालय, महिला तथा बालबाललिका कार्यालय, जिल्ला विकास समिति, नगरपालिका र गाविस तथा गैरसरकारी संस्थाहरूको समन्वयमा ***जिल्लाव्यापी सूचना प्रवाह सञ्जाल*** निर्माण गरिनु उपयुक्त हुन्छ ।

## २. राहत, क्षतिपूर्ति तथा पुनर्स्थापना कोष

मानव बेचबिखन तथा ओसारपसारको अपराधका पीडित तथा साक्षीको संरक्षण तथा उनीहरूलाई दिइनु पर्ने तत्कालीन तथा दीर्घकालिन क्षतिपूर्ति र सामाजिक पुनर्स्थापनाको व्यवस्था गर्न नेपाल सरकारले एक ***राहत, क्षतिपूर्ति तथा पुनर्स्थापना कोष*** को व्यवस्था मिलाउनुपर्छ ।

सो कोषमा सरकारको सालवसाली योगदानका अतिरिक्त मानव बेचबिखनका मुद्दामा तोकिएको जरिवाना तथा एन बमोजिम जफत गरिएको सम्पत्ति समेत यसै कोषमा जम्मा गरिनु पर्छ । यो कोष हरेक जिल्लाको कोष तथा लेखा नियन्त्रकको कार्यालयबाट संचालित हुने एकिकृत प्रकृतिको घुम्ती कोषका रूपमा स्थापना गरिनु उपयुक्त हुन्छ । यसको संचालन जिल्ला प्रहरी कार्यालय, सरकारी वकिल कार्यालयका प्रतिनिधि समत रहेको संचालक समितिबाट गरिनु पर्दछ । यो कोष संचालनको लागि महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयले अलग्गै कार्यविधि बनाउनु पर्छ ।

### (क) राहत

मानव बेचबिखन तथा ओसारपसारको अपराधका पीडितलाई मुद्दा दर्ता हुनासाथ मुद्दा हेर्ने अदालतले पीडितको शारीरिक तथा मानसिक अवस्था, भरणपोषण गर्नुपर्ने आश्रित परिवार सदस्यको संख्या समेतको विचार गरी मनासिव माफिकको रकम अन्तरिम राहतका रूपमा उपलब्ध गराउनु पर्छ । साथै पीडितका साक्षीलाई समेत आवश्यकता अनुसार साक्षी बक्न आउँदा र जाँदाको खर्च तथा निर्वाह खर्चका रूपमा राहत रकम उपलब्ध गराउनु पर्छ । यस्तो रकम पछि मुद्दा ठहरेमा अभियुक्तबाट भराउने गरी व्यवस्था गरिनुपर्दछ भने मुद्दा नठहरेमा राज्य कोषबाट व्यहोरिनु पर्दछ । तर झुट्टा व्यहोराको मुद्दा भएका सो रकम र सो को दोब्बर रकम त्यस्तो राहत पाउनेबाट अदालतले भराइ कोषमा दाखिल गर्ने व्यवस्था मिलाउनु पर्छ ।

### (ख) क्षतिपूर्ति

पीडितलाई परेको पीडाको मात्रा समेतलाई विचार गरी शुरु मुद्दा फैसला गर्ने अदालतले मुद्दा फैसला गर्दाकै बखत तोके बमोजिमको क्षतिपूर्ति रकम सो कोषबाट पीडितलाई दिनुपर्छ तर सो रकम सजायको ५० प्रतिशतमा मात्र सीमित गरिनु हुँदैन । क्षतिपूर्ति रकम मुख्य अभियुक्त वा अन्य कुनै अभियुक्त फेला नपरेको वा फरार रहेको अवस्थामा पनि दिलाई दिनुपर्छ ।

### (ग) पुनर्स्थापना

पीडित तथा साक्षी सेवा केन्द्रले पीडितको सामाजिक पुनर्स्थापनाको लागि सीप विकास तथा आयआर्जनसम्बन्धी विभिन्न कार्यहरुमा पीडितलाई सहयोग गर्नुपर्छ । यसका लागि महिला तथा बालबालिका कार्यालय लगायत जिल्लाका विभिन्न कार्यालयहरुले गर्ने वार्षिक कार्यक्रमहरुलाई विचार गरी सो केन्द्रले आवश्यक निर्णय गर्नुपर्छ ।

## ३. पीडित तथा साक्षी सेवा केन्द्रको स्थापना

हरेक जिल्लाका प्रहरी कार्यालयका प्रमुखको संयोजकत्वमा सरकारी वकिल कार्यालय, महिला तथा बालबालिका कार्यालयका प्रमुख र जिल्लास्थित नेपाल बार एसोसियसनको समेत संलग्नतामा जिल्ला प्रहरी कार्यालयमा ***पीडित तथा साक्षी सेवा केन्द्र*** स्थापना गर्नुपर्छ । सो केन्द्रले अपराधबाट पीडित हुनेका अधिकारको बारेमा सचेतना विस्तार गर्नका साथै अन्तरिम राहत कोषबाट रकम प्राप्त गरी पीडित तथा साक्षीलाई अदालतको आदेशअनुसार वा आवश्यकतानुसार पनि संरक्षण तथा क्षतिपूर्ति उपलब्ध गराउनु पर्छ । साथै यस केन्द्रले पीडित तथा साक्षीको संरक्षण गर्ने तथा क्षतिपूर्ति दिने अन्य सरकारी वा गैरसरकारी निकायहरुको नियमन तथा तिनीहरुसँग समन्वयात्मक रुपमा कार्य गर्नुपर्छ । यस केन्द्रमा पीडितलाई आवश्यक पर्न सक्ने औषधोपचार, मनोवैज्ञानिक परामर्श, आश्रितहरुको सुरक्षा तथा संरक्षण जस्ता कुराहरु उपलब्ध गराउनु पर्छ । यस केन्द्रको मातहतमा आवश्यकतानुसार पीडित र साक्षीलाई समेत खाने र बस्ने ठाउँ (वा सेल्टर हाउस) को बन्दोबस्त पनि मिलाइनु पर्छ ।

## ४. पीडित जानकारी पुस्तिका

गम्भीर प्रकृतिका सरकारवादी मुद्दाका प्रत्येक चरणमा भएको प्रगति (जस्तैः प्रतिवादी पक्राउ परे नपरेको, बयानमा साविती भए नभएको, अदालतबाट भएको थुनछेक आदेश तथा अन्य आदेश आदि) तथा अभियुक्तको अवस्था (जस्तैः धेरैजना प्रतिवादीहरु थुनामा रहेकोमा कोही वा सबै नै थुनामा रहेको वा नरहेको, कुन ठाउँमा थुनामा रहेको आदि) को बारेमा जिल्ला सरकारी वकिल कार्यालयले पीडितलाई जानकारी दिनुपर्छ । त्यसरी दिइएको जानकारीलाई अभिलेख गर्न सो कार्यालयमा ***पीडित जानकारी पुस्तिका*** खडा गरी अभिलेख गर्नुपर्छ ।

## ५. सम्पर्क, सूचना तथा जनचेतना

अपराधका पीडितहरूलाई दिइने संरक्षण, सुरक्षा तथा क्षतिपूर्तिका बारेमा जानकारी नै नहुने र उनीहरु पीडकहरूको धम्की तथा त्रासबाट बाहिर आउन नसक्ने वा आए पनि मुद्दाका विभिन्न चरणमा गएर कुनै न कुनै रूपमा पीडकहरूको विपक्षमा उभिन नसक्ने पनि हुँदा उनीहरूलाई राज्यले दिने त्यस्ता सेवा तथा सुविधाको बारेमा व्यापक रूपमा जानकारी दिनुपर्छ । यसका लागि एकातिर व्यापक रूपमा जनचेनता अभिबृद्धि गर्नुपर्छ भने अर्कोतर्फ अपराधको सूचना प्राप्त भइसकेको अवस्थामा पीडित वा निजका परिवारलाई राज्यले दिने सेवा सुविधाको बारेमा जानकारी दिनुपर्छ । यो कार्य पनि माथि प्रकरण १ मा उल्लिखित संयन्त्रबाट गरिनुपर्दछ ।

**महिला, कानुन र विकास मञ्च (FWLD)**
७२, आदर्श मार्ग, थापाथली
पो.ब.नं. २६५३८, काठमाडौं, नेपाल
फोन: ४२३३५२४, ४२३३५२५, ४२४२६८३, ४२६६४१५
फ्याक्स: ४२४०६२७
इमेल: fwld@fwld.wlink.com.np
वेभसाइट: www.fwld.org